# विन नेपाल लघुवित्त वित्तीय संस्था लि.
# Wean Nepal Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (वाग्मती प्रदेश स्तरीय कार्यक्षेत्र भएको)

पत्र संख्या....................
८८०/०७९/८०

मिति:..............................
२०८०/०२/११

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
सिंहदरबारप्लाजा, काठमाडौं ।

**विषय : आठौं वार्षिक साधारण सभा बस्ने बारेको जानकारी सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८०/०२/११ गते अपरान्ह ४:१५ बजे बसेको सञ्चालक समितिको ११/०७९/८० औं बैठकको निर्णय अनुसार आ.व.२०७८/७९ को आठौं वार्षिक साधारण सभा मिति २०८० साल असार ११ गते सोमबारका दिन बिहान ११:०० बजे फिस स्टेशन एण्ड रिसोर्ट, बनेपा-१३, काभ्रेपलाञ्चोकमा बस्ने व्यहोरा जानकारी गराउँदछौं । साथै, उक्त साधारण सभामा देहायका प्रस्तावहरु निर्णयार्थ पेश गरिने व्यहोरा अवगत गराउँदछौं ।

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७८/७९ को आठौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।
३. आर्थिक वर्ष २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । नरहरि अर्याल एण्ड एशोसियट्स, चार्टर्ड एकाउण्टेण्ट पुनः नियुक्त हुन सक्ने ।
४. विविध ।

**ख) विशेष प्रस्ताव :**

१. डिजिटल बैंकिङ्ग सम्बन्धी कार्यहरु गर्न प्रबन्धपत्रको दफा ५ मा खण्ड (त) थप्ने र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने ।
२. यस संस्था लि. अन्य कुनै लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा विलय ( एक्विजिसन) गर्न उपयुक्त देखिएमा मर्जर/एक्विजिसन गर्न, ड्यू डिलिजेन्स अडिट गर्न, नियमनकारी निकायबाट आवश्यक स्वीकृति लिन तथा सो सम्बन्धमा सम्पूर्ण काम गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।
३. संस्थाको प्रबन्धपत्र, नियमावलीमा संशोधन गर्ने कार्य तथा गाभ्ने गाभिने (मर्जर) तथा विलय (एक्विजिसन) समेतका कार्य सम्बन्धमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनै पनि विषयमा संशोधन/परिमार्जन/थपघट वा परिवर्तन गर्न कुनै निर्देशन/सुझाव प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

सञ्चालक समितिको आज्ञाले
(कम्पनी सचिव)

केन्द्रीय कार्यालय मेलम्ची-१३, सिन्धुपाल्चोक, फोन नं. ०११-४३३०३१ E-mail: weannepal01@gmail.com

"नेपाल सेवा लघुवित्त वित्तीय संस्था लि.ले विन लघुवित्त वित्तीय संस्था लि.लाई गाभेको"